**नेपाल विद्यार्थी संघ, केन्द्रीय कार्यसमिति**
**द्वारा**
**संशोधन एवं परिमार्जन सहित पारित गरिएको**

# <u>नेपाल विद्यार्थी संघको आचारसंहिता, २०८०</u>

नेपाल विद्यार्थी संघको विधान, २०२७ (संशोधन सहित) र नेपाली काँग्रेसको नियमावली, २०७३ परिच्छेद-९ को नियम २६ को आचारसंहिता सम्बन्धी व्यवस्था सँग सामञ्जस्यता कायम गर्दै नेपाल विद्यार्थी संघका प्रत्येक सदस्यको आचरण र व्यवहारलाई स्वच्छ, मर्यादित र अनुशासित बनाई संघको छविलाई लोकप्रिय र विश्वसनीय बनाई राख्न संघका प्रत्येक सदस्यले सदस्यता फारममा उल्लेखित प्रतिवद्धताका अतिरिक्त देहाय बमोजिमको आचारसंहिताको पालना गर्नुपर्नेछ :-

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> :

(१) यस आचारसंहिताको नाम "**नेपाल विद्यार्थी संघको आचारसंहिता, २०८०** रहने छ ।

(२) यो आचारसंहिताको नेपाल विद्यार्थी संघ केन्द्रीय कार्यसमितिको गणपूरक संख्याले पारित गरेको मिति २०८० साल चैत्र २७ गते देखि प्रारम्भ हुने छ ।

२. <u>परिभाषा:</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आचारसंहितामा :

(क) "विधान" भन्नाले नेपाल नेपाल विद्यार्थी संघ संघको विधान, २०२७ (संशोधन सहित) र अन्तर्गत निर्माण भएका नियमावली र निर्देशिका समेत सम्झनुपर्छ ।

(ख) "अनुशासन समिति" भन्नाले विधानमा व्यवस्था भए बमोजिम गठन भएको अनुशासन समिति सम्झनुपर्छ ।

(ग) "मातृ पार्टी" भन्नाले नेपाली काँग्रेस पार्टी सम्झनुपर्छ ।

(घ) "संघ" भन्नाले नेपाल विद्यार्थी संघ सम्झनुपर्छ ।

३. <u>नेपाल विद्यार्थी संघका प्रत्येक सदस्यको कर्तव्य र जिम्मेवारी</u> :

(क) नेपालको संविधान र कानुन प्रति प्रतिवद्ध भई जिम्मेवार नागरिकका रूपमा रहनु पर्दछ ।

(ख) संघको आदर्शप्रति निष्ठावान रही उद्देश्य प्राप्त गर्न निरन्तर क्रियाशील रहनु पर्दछ ।

(ग) नेपाल विद्यार्थी संघको विधान र यस अन्तर्गत बनेका नियमावली तथा निर्देशिकाको पालना गर्नु पर्दछ ।

(घ) नेपाल विद्यार्थी संघका कुनैपनि सदस्यले केन्द्रीय कार्यसमिति वा मातहतका कुनैपनि निकायको आधिकारिक लेटरप्याड र छाप किर्ते गर्नु हुँदैन ।

(ङ) नेपाल विद्यार्थी संघ केन्द्रीय अध्यक्ष, केन्द्रीय कार्यसमिति बाट विशेष जिम्मेवारी प्राप्त केन्द्रीय सदस्य, केन्द्रीय कार्यालयका मुख्य सचिव, सचिव वा निकाय द्वारा प्रयोग भएको आधिकारिक लेटरप्याड र छापको केन्द्रीय कार्यालयमा अनिवार्य अभिलेख राख्नु पर्दछ ।

(च) संघको विधान बमोजिम अधिकार प्राप्त निकाय वा अधिकारीले गरेको निर्णय वा निर्देशनको पालना गर्नु पर्दछ । तर यस व्यवस्थाले संघ सिद्धान्त, नीति, निर्णय र कार्यशैलीलाई परिमार्जित गर्ने सद्रियतबाट तथा संघ लाई हरतरहबाट सुदृढ गर्ने मनसायले संघ को आन्तरिक बैठक वा वहसमा विचार व्यक्त गर्न वाधा पारेको मानिने छैन ।

(छ) आफ्नो जिम्मेवारीमा रहेका संघ को गोपनीय विषय र सामग्रीलाई पूर्ण संरक्षण गर्नु पर्दछ ।

४. <u>नेपाल विद्यार्थी संघका प्रत्येक सदस्यले</u> :

(क) सरकारी वा सार्वजनिक वा संघ को चल अचल समेतका कुनै पनि सम्पत्ति दुरूपयोग गर्नु हुँदैन ।

(ख) नेपाल विद्यार्थी संघका सदस्यले संघ को चल अचल समेतका कुनै पनि सम्पत्तिलाई हानी नोक्सानी पुग्ने कार्य गर्नु गराउनु हुँदैन ।

(ग) विद्यालय, विश्वविद्यालय, क्याम्पस, कलेज, प्रतिष्ठान लगायत अन्य शिक्षणसंस्थाको सम्पत्तिमा हानी नोक्सानी पुग्ने गतिविधि गर्नु गराउनु हुँदैन ।

(घ) विद्यालय, विश्वविद्यालय, क्याम्पस, कलेज, प्रतिष्ठान लगयातअन्य शिक्षणसंस्थाको पठनपाठन एवं दैनिक काम कारवाही ठप्प हुनेगरी तालाबन्दी गर्नु हुँदैन ।

(ङ) नेपाल विद्यार्थी संघको केन्द्रीय कार्यालय, प्रदेश कार्यालय, जिल्ला कार्यालय वा मातहतका निकायको कार्यालयमा अनुचित होहल्ला, तोडफोड, तालाबन्दी लगायत अन्य अवाञ्छित गतिविधि गर्नु गराउनु हुँदैन ।

(च) शिक्षक, प्राध्यापक एवं शिक्षणसंस्थामा कार्यरत कर्मचारीलाई कुनैपनि प्रकृतिको दुर्व्यवहार गर्नु गराउनु हुँदैन ।

(छ) पदीय प्रभावको आधारमा निजी लाभ प्राप्त गर्ने वा गराउने काम गर्नु हुँदैन ।

(ज) संघ बाट अधिकार प्राप्त निकाय वा अधिकारीको स्वीकृति नलिई संघ का निम्ति सहयोग ग्रहण गर्नु हुँदैन ।

(झ) सार्वजनिक पद धारण गरेको व्यक्ति वा कानुन बमोजिम कार्यसम्पादन गर्ने अधिकारीलाई कानुन विपरितको काम गर्न र गराउन दवाव दिनु हुँदैन ।

(ञ) संघ को प्रतिष्ठालाई हानी पुग्ने गरी सार्वजनिक स्थलमा संघ को आन्तरिक विवादको विषयलाई अमर्यादित चर्चाको विषय बनाउनु हुँदैन ।

(ट) संघ को मान, प्रतिष्ठा र मर्यादा अनुकूल आचरण गर्नु संघका प्रत्येक सदस्यको प्रमुख कर्तव्य हुनेछ ।

(ठ) नियम-कानुन विपरीत एवं अनुचित ढङ्गले आर्थिक लाभ प्राप्त गर्नु हुँदैन ।

(ड) चाड-पर्व, विवाह, व्रतबन्ध जस्ता सामाजिक व्यवहार निर्वाह गर्दा तडकभडक एवं फजुल खर्च गर्नु हुँदैन र त्यस्ता कार्यलाई निरूत्साहित गर्नु पर्दछ ।

(ढ) कसैले कुनै कार्यमा सहयोग पुर्याई दिए वापत आर्थिक लाभ लिनु हुँदैन ।

(ण) संघ को विधान र नियमावलीले गरेको व्यवस्था अनुसार संघ लाई बुझाउनु पर्ने सहयोग रकम (लेवी) नियमित बुझाउनु पर्नेछ ।

(त) कसैको पनि चरित्र हत्या हुने र मर्यादा भङ्ग हुने गरी सामाजिक संजाल वा सार्वजनिकरुपमा अभिव्यक्ति प्रकट गर्नु हुँदैन ।

(थ) संघ ले सुम्पेको काम इमान्दारी र निष्पक्षतापूर्वक सम्पन्न गर्नु पर्दछ । संघ ले विशेष काम वा जिम्मेवारी नसुम्पेको अवस्थामा पनि संघ को आदर्श, उद्देश्य, सिद्धान्त, नीतिलाई टेवा पुग्ने काम आफ्नो क्षमता र जिम्मेवारी अनुसार गर्दै जानुपर्दछ ।

(द) संघ वा संघ का तर्फबाट कुनै पनि निकायमा कार्यरत संघ का पदाधिकारी वा सदस्यले आफूलाई सुम्पेको जिम्मेवारी इमान्दारी र निष्पक्षतापूर्वक सम्पन्न गर्नु पर्दछ ।

(ध) संघको सिद्धान्त, नीति, कार्यक्रम र सम्बन्धित शिक्षणसंस्थाको आवश्यकता अनुकूल हुने गरी स्वतन्त्र विद्यार्थी युनियन, विद्यार्थी कल्याण परिषद् लगायत अन्य साझा संस्थाका निर्वाचित निकायलाई सहयोग गर्नु पर्दछ ।

(न) संघका विरूद्ध लगाइने झुठा आरोपहरूका विरूद्ध सार्वजनिक रूपमा शान्तिपूर्ण एवं प्रभावकारी ढङ्गले खण्डन र प्रतिवाद गर्नु पर्दछ ।

(ऩ) संघ द्वारा आयोजित कार्यक्रममा सक्रिय रूपमा सहभागी हुनु पर्दछ ।

(प) आफ्नो शिक्षणसंस्थामा सामाजिक चेतना र जागरण बढाउनुपर्छ तथा सेवामूलक कार्यक्रमहरूमा सक्रियताका साथ सहभागी बन्नु पर्दछ ।

(फ) पर्यावरणको सुरक्षा, वृक्षारोपण तथा धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक सम्पदाको संरक्षण गर्न क्रियाशील रहनु पर्दछ ।

(ब) विद्यार्थी, किसान, मजदूर, आर्थिक, सामाजिक र शैक्षिक दृष्टिले पछाडि परेका वर्गको हकहितको संरक्षणमा निरन्तर क्रियाशील रहनु पर्दछ ।

(भ) जेष्ठ नागरिक, महिला, वालवालिका, अपाङ्गता भएका व्यक्ति र विशेष सहायताको आवश्यकता भएको व्यक्तिलाई सहयोग गर्ने ।

(म) सामाजिक सद्भाव र जातीय सहिष्णुतामा खलल पुर्याउने कार्यका विरूद्ध निरन्तर जागरूक रहनु पर्दछ ।

(य) जातीय भेदभाव, छुवाछूत र सामाजिक कुरीति जस्ता विकृति हटाउन निरन्तर क्रियाशील रहनु पर्दछ ।

(र) नेपाल विद्यार्थी संघका प्रत्येक सदस्यले केन्द्रीय कार्यसमिति वा मातहतका कुनैपनि निकायहरू द्वारा सञ्चालित सामाजि सञ्जालकहरुको नक्कली खाता (FAKE ACCOUNT/PAGE) सञ्चालन गर्नु गराउनु हुँदैन ।

(ऱ) नेपाल विद्यार्थी संघ मातहतका निकायहरू ३ महिना वा सो भन्दा बढी निस्क्रिय रहेको खण्डमा केन्द्रीय समितिको निर्देशन बमोजिम स्पष्टीकरण सोधी चित्तबुझ्दो स्पष्टीकरण नभए कारवाही गर्न सक्ने छ ।

(ल) नेपाल विद्यार्थी संघ, केन्द्रीय कार्यसमिति द्वारा जारी निर्देशन एवं परिपत्रको पूर्णरुपमा पालना गर्नु पर्दछ ।

५. <u>नेपाल विद्यार्थी संघका प्रत्येक सदस्यले संघले भाग लिएको स्वतन्त्र विद्यार्थी युनियन, विद्यार्थी कल्याण परिषद् लागायत अन्य निर्वाचनमा देहाय बमोजिमको कर्तव्य पालना गर्नु पर्दछ</u> :

(क) संघ र संघ को आधिकारिक उम्मेदवार वा संघ ले समर्थन गरेको उम्मेदवारको सफलताका लागि दत्तचित्त भई आफ्नो क्षेत्रबाट प्रयत्नशील हुनुपर्दछ ।

(ख) स्वतन्त्र विद्यार्थी युनियन, विद्यार्थी कल्याण परिषद् लगायत अन्य निकायमा निर्वाचित सभापति/अध्यक्ष, पदाधिकारी एवं सदस्यहरुले निर्वाचन पूर्व जारी संघको अधिकारिक घोषणा-पत्र कार्यान्वयन गर्न गराउन सँधै प्रयत्नशील रहनु पर्दछ ।

(ग) संघले आधिकारिक रूपमा खडा गरेको वा समर्थन गरेको उम्मेदवार बाहेक अन्य संघ वा व्यक्तिलाई लाभ तथा आफ्नो संघ लाई हानी हुनेगरि कुनै पनि किसिमको क्रियाकलाप गर्नु हुँदैन ।

(घ) स्वतन्त्र विद्यार्थी युनियन, विद्यार्थी कल्याण परिषद् कुनै पनि पदमा निर्वाचित संघ को सदस्यले संघ को नीति र कार्यक्रम अनुसार आचरण र व्यवहार गर्नुपर्दछ । साथै, आफू संलग्न भएको स्वतन्त्र विद्यार्थी युनियन, विद्यार्थी कल्याण परिषद् गतिविधिका बारेमा केन्द्रीय समितिलाई जानकारी गराउनु पर्दछ ।

७. **संघ का कुनै सदस्यले आचारसंहिता उल्लघंन गरेमा अनुशासन उल्लघंन र कारवाहीको विषय बन्नेछ ।**

८. **यस नियमावलीमा उल्लेखित आचारसंहितामा केन्द्रीय कार्यसमितिले थपघट वा हेरफेर गर्न सक्नेछ ।**